# अपाङ्गता भएका व्यक्तिहरूका लागि सार्वजनिक यातायातलाई सहज बनाउनु ।

सार्वजनिक यातायात प्रयोग गर्दा अपाङ्गता भएका व्यक्तिहरूले कठिनाइहरूको सामना गर्दछन् । कहिले उनीहरु चढ्न खोज्दा बसहरू रोकिदैनन भने कहिले उनीहरुलाई बसमा चढ्न दिइदैन । बस कंडक्टरहरू बसमा व्हीलचेयर लान दिन चाहँदैनन् किनकि त्यसले अतिरिक्त स्थान लिन्छ । यसबाहेक, अपाङ्गता भएका व्यक्तिहरूलाई बस भाडामा छुट दिइएको छ तर यातायात सेवा प्रदायकले आफुले उक्त खर्च बहन गर्नुपर्ने हुनाले उनिहरुले त्यो छुट पाउँदैनन् । धेरै जसो अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुले उनिहरूको लागि आरक्षित सीटहरू प्राप्त गर्दैनन् । दृश्य अपाङ्गता भएका मानिसहरूसँग यातायातको लागि भुक्तानी गर्दा पैसाको पहिचान गर्नमा थप कठिनाई रहेको छ ।

## सिफारिशहरूको सारांश

१. तत्काल गर्नु पर्ने : सार्वजनिक बसका चालक तथा कंडक्टरहरूलाई प्रशिक्षण प्रदान गरियोस । प्रहरीले यस्तो खालको प्रशिक्षण पहिले नै किर्तिपुर नगरपालिकामा सफलतापूर्वक आयोजना गरिसकेको छ । प्रशिक्षणमा विभिन्न खालका अपाङ्गता भएका व्यक्तिहरुको विशेष आवश्यकताहरुलाई सेवा प्रदायकहरूले कसरी प्रभावकारी रुपमा सम्बोधन गर्न सक्छन् (उदाहरणका लागि दृष्य अपाङ्गता भएका व्यक्तिहरुका लागि आउन लागेको बस रोकिने स्थानका बारेमा स्पष्ट रुपमा घोषणा गर्ने वा श्रवण अपाङ्गता भएकाहरुका लागि दृष्यमाध्यम वा एलइडि डिस्प्लेबाट घोषणा गर्ने आदी) भन्ने जानकारीहरु समावेश छ । यस्तो प्रशिक्षणले अधिक स्वतन्त्र रुपमा बाँच्न सफल अपाङ्गता भएका व्यक्तिहरुबाट समाजलाई हुने फाइदाका बारेमा स्पष्ट पार्दछ ।

२. अल्पकालिन रुपमा गर्नुपर्ने: सार्वजनिक यातायातमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुरक्षित छ कि छैन भन्ने अनुगमनका लागि प्रहरी अधिकारीहरूबाट छड्के जाँच गरियोस ।

३. दिर्घकालिन रुपमा गर्नु पर्ने: अपाङ्गता भएका व्यक्तिहरुका लागि पहिले नै भुक्तानी गरिने (प्रिपेड) डिजिटल परिचय पत्रको व्यवस्था गरियोस र प्रत्येक बसका लागि त्यस्तो कार्ड पढ्नका लागि कार्डरिडर उपलब्ध गराइयोस । त्यस्तो कार्ड कार्डवाहकको आवश्यकताहरुका बारेमा चालक तथा कंडक्टरहरुलाई सूचित गर्न, बस भाडाको भुक्तानी गर्न र उनीहरुलाई प्रदान गरिएको छुटका बारेमा केन्द्रिय रुपमा हिसाव राखी त्यस्तो त्यसरी छुट दिइएको शुल्क सेवा प्रदायकहरूलाई फिर्ता गर्नका लागी उपयोग गर्न सकिन्छ । यस्तो कार्ड यातायात बाहेकका अन्यसेवाहरू (जस्तै, स्वास्थ्यसेवा) का लागि पनि प्रयोग गर्न सकिन्छ ।

## अनुसन्धान

- LIRNEasia ले नेपालमा १५ देखि ६५ वर्ष उमेर समुहका अपाङ्गता भएका व्यक्तिहरुका बिचमा सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा प्रयोगका बारेमा बुझ्नका लागि सम्पूर्ण देशकै प्रतिनिधित्व हुने गरी सर्वेक्षण सञ्चालन गरेको थियो । सन् २०१८ को अगष्ट देखि अक्टुबरको बिचमा सात वटै प्रदेशलाई समेट्ने गरी १०० वटा भिन्न भिन्न वडाहरुका ४०० वटा घरहरुका अपाङ्गता भएका व्यक्तिहरुसँग अन्तर्वार्ता गरिएको थियो । अन्तर्वार्ताको प्रश्नावली अपाङ्गताका प्रश्नसम्बन्धी वाशिंगटन समुहमा आधारित थियो । सर्वेक्षणको परिणामले ९५ प्रतिशत आत्मविश्वास अन्तर र घनात्मक/ऋणात्मक ±९.८ त्रुटिको सम्भावना सहित राष्ट्रिय प्रतिनिधित्व गर्दछ ।
- LIRNEasia ले प्रदेश १, २, ३ र ५ का शहरी र ग्रामीण क्षेत्रमा गुणात्मक अनुसन्धान सञ्चालन गर्‍यो । यो अनुसन्धान नेपालमा अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना तथा सञ्चार प्रविधिले कसरी स्वतन्त्र जीवन सुनिश्चित गर्न मद्दत गर्न सक्छ भन्ने बुझ्नका लागि तयार गरिएको थियो । १७४ जना अपाङ्गता भएका व्यक्ति र ९ जना मुख्य सूचनादाताहरुसँगको अन्तर्वार्तामा उठेका मुख्य विषयवस्तुहरुको पहिचानका लागि ग्राउन्डेड सिद्धान्त (Grounded Theory) अवलम्बन गरिएको थियो ।

## मुख्य निश्कर्षहरु

- १५-६५ उमेर समुहका १.६ प्रतिशत जनसंख्या अपाङ्गता भएका व्यक्तिका रुपमा रहेको ।
- मात्र ४३ प्रतिशतसँग हाल अपाङ्गता पहिचान पत्र रहेको ।
- हिडडुलको सिमितता एक महत्वपूर्ण पक्ष थियो जसले अपाङ्गता भएका व्यक्तिको जिवनका अन्य पाटोहरुलाई प्रभावित गरेको थियो ।

**"मेरो बुबाले मलाई बोकेर स्कूल लैजानुहुन्थ्यो । हिडेर जाँदा समयमै पुग्नका लागि हामीले आधा वा एक घण्टा अगावै हिड्नुपर्थ्यो । (शारीरिक अपाङ्गता, महिला, पाल्पा)**

- यातायात प्रणालीअन्र्तगतका स्थापित सहयोग संयन्त्रहरुको अवलम्बन नहुनु एक मुद्दाको रुपमा रहेको थियो ।

**"हामीले भाडा तिर्दैनौ भन्ने सोचेर बसहर रोकिदैनन, र धेरै पटक मैले अन्य सामान्य यात्रुहरू भन्दा ज्यादा भाडा तिर्न परेको छ ।" (शारीरिक अपाङ्गता, पुरुष, बिराटनगर)**

**"शारीरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि एक अलग सीट छ, तर हामीले सार्वजनिक यातायात प्रयोग गर्दा कहिल्यै पनि त्यसमा बस्न पाएका छैनौं । म इटहरीबाट कञ्चनपुर उभिएरै गएँ । "(शारीरिक अपाङ्गता, महिला, उदयगढी)**

**"हामीले भाडामा ५० प्रतिशत छुट पाएछौ भन्ने उल्लेख गरिएको भएता पनि हामिले कुनै पनि छुट प्राप्त गर्दैनौ ।" (शारीरिक अपाङ्गता, पुरुष, बिराटनगर)**

"हामीले छूट माग्दा उनीहरुले तिमिहरुलाई सिट पनि चाहिने, छुट पनि चाहिने भन्दै रिसाउँछन । अनी हामीलाई भनेको ठाँउमा रोकेर ओर्लन पनि दिदैनन्, जसका कारण हामीले उनीहरुका सामु झुक्नुपर्छ । (दृष्टि अपाङ्गता, पुरुष, पाल्पा)

"बस चालक तथा कंडक्टरले हाम्रो भाषा बुझ्न नसक्ने हुनाले उनीहरुले हामी झर्न पर्ने स्थानमा बस रोक्न सक्दैनन् ।" (श्रवण अपाङ्गता, महिला, बिराटनगर)

थप जानकारीकोलागि सम्पर्क *http://bit.ly/NPtech4PWD*

थप जानकारीकोलागि सम्पर्क

बाब राम अर्याल अध्यक्ष सेन्टर फर ल एण्ड टेक्नोलोजी
baburam@cltnepal.com | ९७७ ९८५१०४८४०१

प्रा.डा. रोहन समराजिवा अध्यक्ष लर्न एसिया
rohan@lirneasia.net | ९४ ७७७३५२३६१

Internet Society Nepal

Centre for Law & Technology Pvt. Ltd.

FORDFOUNDATION
*Working with Visionaries on the Frontlines of Social Change Worldwide*

LIRNEasia
*Pro-poor. Pro-market.*